# नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाडौं ।

प सं: ०७४/७५
च नं: ३०८

फोन नं: ०१-४२००५११

श्री जिल्ला समन्वय समितिको कार्यालय, सबै

मिति: २०७५। ३। २९

विषयः स्थानीय विकास कोष सञ्चालन सम्बन्धमा ।

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिका तथा नगरपालिकाको कार्य जिम्मेवारीमा परेका तर साविकको संरचना अनुसार जिल्ला समन्वय समितिको कार्यालयबाट सम्पादन हुँदै आइरहेका कार्यहरु सम्बन्धित गाउँपालिका तथा नगरपालिकामा हस्तान्तरण गर्दै सङ्घीयताको कार्यान्वयनलाई प्रभावकारी बनाउदै लैजाने सन्दर्भमा जिल्ला समन्वय समितिको कार्यालय अन्तर्गत सञ्चालित स्थानीय विकास कोष कार्यक्रम सञ्चालन सम्बन्धमा तपशिल बमोजिम गर्न सबै जिल्ला समन्वय समितिको कार्यालयलाई जानकारी गराउने नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०७५। ३। २९ को निर्णय भएकोले देहाय अनुसार गर्नु गराउनु हुन अनुरोध छ ।

१. जिल्ला समन्वय समितिमा रहेको स्थानीय विकाष कोषको रकम साविकमा कार्यक्रम सञ्चालन भएका स्थानीय तहमा समन्यायिक हिसाबले बाँडफाँट गर्ने । यसरी प्राप्त हुने रकम गाउँपालिका तथा नगरपालिकाले विशेष कोषको रुपमा छुट्टै खातामा राखी साविक बमोजिम नै स्थानीय विकास कोष सम्बन्धी कार्यक्रम सञ्चालनमा ल्याउने ।
२. जिल्ला समन्वय समितिले असुल उपर गर्न बाँकी ऋण लगानी रकमको विवरण सम्बन्धित गाउँपालिका वा नगरपालिकालाई उपलब्ध गराउने र सम्बन्धित नगरपालिका र गाउँपालिकाले रकम असुल उपर गरी कार्यक्रम सञ्चालन गर्ने।
३. गाउँपालिका र नगरपालिकाले कोषको रकम परिचालन गर्न साविकको स्थानीय विकास कोष सञ्चालन विनियमावलीको आधारमा आवश्यक कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने।
४. स्थानीय विकास कोषमा कार्यरत कर्मचारीलाई कोष तथा ऋण पुँजी हस्तान्तरण हुने गाउँपालिका वा नगरपालिकामा हस्तान्तरण गरी कार्यक्रम सञ्चालन गर्ने । यसरी हस्तान्तरण हुने कर्मचारीलाई गाउँपालिका वा नगरपालिकाले स्थानीय सरकार सञ्चालन एन, २०७४ प्रावधान बमोजिम निरन्तरता दिइ अन्य काममा समेत लगाउन सक्ने । हाल स्थानीय विकास कोष तर्फ कार्यरत कुनै कर्मचारी हस्तान्तरण भएको गाउँपालिका वा नगरपालिकामा जान नचाहेमा त्यस्तो कर्मचारीलाई जिल्ला समन्वय समितिले २०७५ असार मसान्त पछि अवकाश दिने ।
५. स्थानीय विकास कोष तथा बीउ पुँजी र लगानीको रकम हस्तान्तरण हुने तर कर्मचारी सङ्ख्यामा कमी भएको वा उपलब्ध नभएको कारण गाउँपालिका तथा नगरपालिकामा खटाउन नसकेको अवस्थामा गाउँपालिका वा नगरपालिकाको नियमित दरबन्दीबाट नै कार्यक्रम सञ्चालनको व्यवस्था मिलाउने ।
६. गाउँपालिका वा नगरपालिकामा खटिने कोषका कर्मचारीले यसरी बाँडफाँट भई प्राप्त भएको कोषको रकमको विवरण अद्यावधिक गर्ने कोषको उद्देश्य अनुसार लगानीमा रहेको रकमसमेत असुल उपर तथा परिचालन गर्ने ।
७. स्थानीय विकास कोषमा रकम मौज्दात रहेको तर कोषमा कर्मचारी कार्यरत नरहेको जिल्लाले कोषमा रहेको सम्पूर्ण रकम जिल्ला समन्वय समितिको कोषमा स्थानान्तरण गरी जिल्ला समन्वय समितिमा रहेको स्थानीय तहको भवन निर्माण कोषमा एकिकृत गरी एउटै कोष निर्माण गर्ने ।
८. बुँदा नं ४ बमोजिम खटिएका कर्मचारीको नियमानुसारको तलब भत्ताको रकम कोष हस्तान्तरण भएको गाउँपालिका तथा नगरपालिकाले व्यवस्था गर्ने ।
९. जिल्ला समन्वय समितिमा रहेको स्थानीय विकास कोषमा कार्यरत कर्मचारीले अवकाश लिन चाहेमा कोषमा आर्जित व्याज र स्थानीय विकास कोषको अवकाश कोषको रकमबाट करार शर्तमा उल्लेख भएको सुविधा सहित जिल्ला समन्वय समितिले अवकाश दिन सक्ने ।
१०. स्थानीय विकास कोष (ऋणपूँजी तथा बीउपुँजी सहित) को रकम हिनामिना हुन नदिन गाउँपालिका तथा नगरपालिकाले विशेष सतर्कता अपनाउनु पर्ने यस कार्यको लागि जिल्ला समन्वय समितिबाट आवश्यक समन्वय र सहयोग उपलब्ध गराउने ।

(जनकराज शर्मा)
शाखा अधिकृत

**बोधार्थ:**

श्री स्थानीय तह, सबैः आवश्यक कार्यार्थ ।

श्री सूचना तथा प्रविधि शाखा : वेभसाइटमा अपलोड गरिदिनु हुन ।